केदारस्युँ गाउँपालिका

अध्यक्ष युवा कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८

मिति २०७८।०३।०८ को कार्यपालिकाको बैठक

केदारस्युँ गाउँपालिका

बझाङ्ग

केदारस्युँ गाउँपालिका

केदारस्युँ गाउँपालिका

अध्यक्ष युवा कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८

स्वीकृत मितिः २०७८/०३/०८

केदारस्युँ गाउँपालिकामा सूचिकृत शिक्षीत बेरोजगार यूवा लाई न्यूनतम रोजगारी सुनिश्चित गर्न , कृर्षि तथा पशपंक्षि पालन व्यवसाय मार्फत स्वरोजगार बनाउन एवं सामुदायिक पूर्वाधारहरुको विकास मार्फत स्थानिय नागरिकको जीवनयापनमा सुधार ल्याउनका लागी केदारस्युँ गाउँपालिका अध्यक्ष युवा कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) को यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम " केदारस्युँ गाउँपालिका अध्यक्ष युवा कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले रोजगारीको हकसम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

(ख) "अध्यक्ष" भन्नाले केदारस्युँ गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) "नियमावली" भन्नाले रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले केदारस्युँ गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "समुदाय" भन्नाले टोल, गाउँ वा वस्तीस्तरमा बसोबास गर्ने व्यक्तिहरुको समूह वा समाजलाई सम्झनु पर्दछ ।

(च) "समुदाय स्तरको आयोजना" भन्नाले समुदायस्तरमा सञ्चालन हुने श्रमप्रधान सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजनालाई सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले केदारस्युँ गाउँपालिका को प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ ।

(ज) "शिक्षीत बेरोजगार यूवा" भन्नाले केदारस्युँ गाउँपालिकाका कक्षा १२ वा सो भन्दा माथि अध्ययन गरेका १८ देखि ४० वर्ष सम्मका बेरोजगार यूवा व्यक्ति लाई सम्झनु पर्दछ ।

केदारस्युँ गाउँपालिका

(झ) "इन्जिनियर" भन्नाले केदारस्युँ गाउँपालिका प्राविधिक शाखा का प्रमुख इन्जिनियरलाई सम्झनु पर्दछ ।

परिच्छेद २

३.कार्यक्रम

(१)कायर्क्रमको दीर्घकालीन सोचः युवाका लागी रोजगारी तथा स्वरोजगारको प्रत्याभूति मार्फत शिक्षित युवाको जीवनस्तरमा सुधार ल्याउनु यो कार्यक्रमको दीर्घकालीन सोच हुनेछ ।

(२)कार्यक्रमको लक्ष्यःआन्तरिक रुपमा शिक्षित युवाको कृर्षि, पशुपालन मा स्वरोजगारी तथा विकास निर्माणका काममा रोजगारीका अवसरमा वृद्धि र सामाजिक आर्थिक संरक्षणको प्रवर्द्धन गर्नु यो कार्यक्रमको लक्ष्य हुनेछ ।

(३)कार्यक्रमको उद्देश्यःयस कार्यक्रमको उद्देश्य देहाय अनुसार रहेका छन्: (क) पशुपालन तथा कृर्षि व्यवसायमा युवाको सहभागिता बढाई स्वरोजगार बनाउने ।(ख) दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारी तथा स्वरोजगारीको प्रवर्द्धन र विस्तार गर्ने ।(ग) कृर्षि तथा पशुपालन व्यवसायमा स्वरोजगारीका अवसर सिर्जना गर्ने ।(घ) आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने । (ङ) बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने ।

(४) कार्यक्रमको रणनीतिःयस कार्यक्रमको कार्यान्वयन गर्न निम्नानुसारका रणनीतिहरु लिइनेछः

(क)स्थानीयस्तरमा स्वरोजगारीको प्रवर्द्धनका लागि कृर्षि तथा पशुपन्छी पालन व्यवसायमा शिक्षित यूवालाई आर्कर्षित गर्ने । (ख)रोजगारी सिर्जनाका लागि अन्तरक्षेत्रगत तथा अन्तर तहगत समन्वय गर्ने । (ग)सीपमूलक तालिममार्फत बजारको माग अनुरुपको श्रमशक्ति विकासर आपूर्तिगर्ने ।(घ)तालिम, रोजगार सूचना तथा परामर्श र वित्तीय सहयोग मार्फत रोजगार तथा स्वरोजगारका अवसरहरुको सिर्जना गर्ने । (घ)रोजगारी सिर्जनामा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्ने । (ङ) सार्वजनिक निर्माणका कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्ने ।

(५)कार्यक्रमको क्षेत्रः(क)यो कार्यक्रम क्षेत्र केदारस्युँ गाउपालिका हुनेछ । (ख)यो कार्यक्रम अन्तर्गत रोजगारी सिर्जनाका प्रमुख क्षेत्रहरुमा सडक, खानेपानी, ढल व्यवस्थापन, सिंचाईं, ऊर्जा, ,शिक्षा, स्वास्थ्य, पूनर्निर्माण, पर्यटन, वन, सामुदायिक पूर्वाधार, कृषि तथा पशु, वातावरण संरक्षण तथा जलवायु अनुकुलन वा रोजगार सिर्जना हुन सक्ने अन्य क्षेत्रलाई लिइनेछ।(ग)सार्वजनिक निर्माणका क्षेत्रबाहेक निजी, सहकारी तथा गैर सरकारी क्षेत्रमा समेत सम्बन्धित क्षेत्रसँगको सहकार्यमा रोजगारीको सिर्जना गरी न्यूनतम रोजगारीको सुनिश्चितता गर्न सकिनेछ ।

८.कार्यक्रमका लक्षित समूह:यसकार्यक्रमका लक्षित समूह १८ देखि ४० वर्ष उमेर समूहको शिक्षित बेरोजगार व्यक्ति हुनेछन्।

परिच्छेद ३

कृर्षि स्वरोजगार मुलक प्रस्ताव छनौट प्रक्रिया

४. **प्रस्ताव आव्हान**: कृर्षि मुलक व्यवसाय गरि स्वरोजगारीको लागी व्यवसाय गर्न प्रस्ताव पेश गर्नका लागी कृर्षि शाखाले सुचिकृत बरोजगार युवा लाई १५ दिनको समय दिई प्रस्ताव आव्हान गर्नेछ । यस्तो प्रस्तावमा गा.पा.को अनुदान साझेदारी रु ५७७०० भन्दा बढि हुने छैन । प्रस्ताव कर्ताको लागत साझेदारी न्यूनत्तम ७० प्रतिशत हुनु पर्ने छ ।

५. **प्रस्ताव मूल्याकंन**: कृर्षि मुलक आयोजनाको पेश भएका प्रस्तावहरुको मूल्याकंन अनुसुचि ७ बमोजिमका आधारमा प्राविधिक शाखाले गर्ने छ ।

६. **प्रस्ताव छनोट**: कृर्षि मुलक आयोजनाको पेश भएका प्रस्तावहरुको मूल्याकंन प्राथमिकताक्रममा परेका आयोजना कार्यान्वयनका लागी बजेटको परिधि भित्र रहि क्रमश: कृर्षि शाखाले छनोट गर्नेछ ।

परिच्छेद ४

कृर्षि स्वरोजगार मुलक प्रस्ताव आयोजना कार्यान्वयन प्रक्रिया

७. **फर्म दर्ता गर्नुपर्ने**: कृर्षि शाखाले छनोट गरेका प्रस्तावहरुको कार्यान्वयनका लागी विधिवत रुपमा फर्म दर्ता गर्नु पर्नेछ ।

८. **खाता सञ्चालन गर्नुपर्ने**: प्रस्तावक बरोजगार युवाले फर्मका नाममा बैंक खाता सञ्चालन गर्नु पर्ने छ ।

९. **आयोजनाको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन**: (१) आयोजनाको अनुगमन कृर्षि शाखा तथा अनुगमन समितिले नियमित रुपमा गर्नु पर्नेछ ।

(२)आयोजनाको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन प्राविधिक शाखाले गर्नु पर्नेछ ।

(३) आयोजनाको मूल्याङ्कन प्राविधिक शाखाले र प्रतिवेदन कृर्षि शाखाले नियमित रुपमा गर्नु पर्नेछ ।

१०. **आयोजनाको अन्तिम मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन**: प्राविधिक शाखाले आयोजनाको अन्तिम मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नेछ ।

केदारस्युँ गाउँपालिका

११. **आयोजनाको भुक्तानीः** प्राविधिक शाखाको अन्तिम मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन तथा कृर्षि शाखाको योजना सञ्चालनमा रहेको प्रतिवेदनका आधारमा लेखा शाखा ले बैक खातामा भुक्तानी गर्नेछ ।

१२. **स्वरोजगार हुनुपर्ने :** प्रस्तावित योजना सम्पन्न पश्चात प्रस्ताव अनुरुप बेरोजगार युवा स्वरोजगार भई नियमित आय आर्जन गरिरहेको हुनुपर्ने छ । यस्को अनुगमन नियमित रुपमा गाउँपालिकाले गर्ने छ ।

परिच्छेद ५

१३. **उन्नत जातका विउ वितरणः** कृर्षि शाखा ले कृर्षि व्यवसाय गरि रहेका युवा उद्यमी हरु लाई प्रोत्साहन गर्न उन्नत जातका विउ वितरण गर्नेछ । कृर्षि उद्यमीहरु लाई अर्ग्यानिक खेति गर्न प्रोत्साहित गर्ने तथा कृर्षक युवाको दिर्धकालिन आय वृद्धिका लागी बहुबर्षिय बालि फलफुलका का विरुवा वितरण गर्नेछ ।

परिच्छेद ६

पशुपंन्छी पालन स्वरोजगार मुलक प्रस्ताव छनौट प्रक्रिया

१४. **प्रस्ताव आव्हानः** पशुपन्छी मुलक व्यवसाय गर्न आयोजनाको प्रस्ताव पेश गर्नका लागी कृर्षि शाखाले सुचिकृत बरोजगार युवा लाई १५ दिनको समय दिई प्रस्ताव आव्हान गर्नेछ । यस्तो प्रस्तावमा गा.पा.को अनुदान साझेदारी रु ५७७०० भन्दा बढि हुने छैन । प्रस्ताव कर्ताको लागत साझेदारी न्यूनत्तम ७० प्रतिशत हुनु पर्ने छ ।

१५. **प्रस्ताव मूल्याकंनः** पशुपन्छी मुलक आयोजनाको पेश भएका प्रस्तावहरुको मूल्याकंन अनुसुचि ८ बमोजिमका आधारमा प्राविधिक शाखाले गर्ने छ ।

१६. **प्रस्ताव छनोटः** पशुपन्छी मुलक आयोजनाको पेश भएका प्रस्तावहरुको मूल्याकंन प्राथमिकताक्रममा परेका आयोजना कार्यान्वयनका लागी बजेटको परिधि भित्र रहि क्रमशः पशु शाखाले छनोट गर्नेछ ।

परिच्छेद ७

पशुपंन्छी पालन स्वरोजगार मुलक प्रस्ताव आयोजना कार्यान्वयन प्रक्रिया

१७. **फर्म दर्ता गर्नुपर्नेः** पशु शाखाले छनोट गरेका प्रस्तावहरुको कार्यान्वयनका लागी विधिवत रुपमा फर्म दर्ता गर्नु पर्नेछ ।

केदारस्युँ गाउँपालिका

१८. खाता सञ्चालन गर्नुपर्नेः प्रस्तावक बरोजगार युवाले फर्मका नाममा बैंक खाता सञ्चालन गर्नु पर्ने छ ।

१९. **आयोजनाको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः** (१) आयोजनाको अनुगमन पशु शाखा तथा अनुगमन समितिले नियमित रुपमा गर्नु पर्नेछ ।

(२)आयोजनाको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन प्राविधिक शाखाले गर्नु पर्नेछ ।

(३) आयोजनाको मूल्याङ्कन प्राविधिक शाखाले र प्रतिवेदन कृर्षि शाखाले नियमित रुपमा गर्नु पर्नेछ ।

२०. **आयोजनाको अन्तिम मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदनः** प्राविधिक शाखाले आयोजनाको अन्तिम मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नेछ ।

२१. **आयोजनाको भुक्तानीः** प्राविधिक शाखाको अन्तिम मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन तथा पशु शाखाको योजना सञ्चालनमा रहेको प्रतिवेदनका आधारमा लेखा शाखा ले बैक खातामा भुक्तानी गर्नेछ ।

२२. **स्वरोजगार हुनुपर्ने :** प्रस्तावित योजना सम्पन्न पश्चात प्रस्ताव अनुरुप बेरोजगार युवा स्वरोजगार भई नियमित आय आर्जन गरिरहेको हुनुपर्ने छ । यस्को अनुगमन नियमित रुपमा गाउँपालिकाले गर्ने छ ।

परिच्छेद ८

२३. **उन्नत नश्ल जातका चौपाय तथा पन्छी वितरणः** पशु शाखा ले पशुपन्छी पालन व्यवसाय गरि रहेका युवा उद्यमी हरु लाई प्रोत्साहन गर्न उन्नत नश्लका चौपाय तथा पन्छी वितरण गर्नेछ ।

परिच्छेद ९

बेरोजगार व्यक्तिको सूचीकरण

२४.बेरोजगार व्यक्तिको सूचीकरण प्रकृयाः

(१)निवेदन माग गर्नुपर्नेःरोजगार सेवा केन्द्रले गाउँपालिका भित्रका शिक्षित बेरोजगार व्यक्तिहरुलाई प्रत्येक वर्षको फाल्गुन महिनाभरीको म्याद तोकी अनुसूची ३ बमोजिको ढाँचामा बेरोजगार दर्ताका लागि निवेदन माग गर्नु पर्नेछ। तर, यो कार्यक्रम लागू हुने पहिलो आर्थिक वर्षको हकमा बेरोजगार दर्ताका लागि निवेदनमाग गर्ने अवधि गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(२)निवेदन दिनु पर्नेःस्थानीय तहभित्रका बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन चाहने व्यक्तिलेआफू स्थायी रुपमा बसोबास गरेको वडाको वडा कार्यालयमा वा स्थानीय तहको रोजगार सेवा केन्द्रमा उपदफा (१)बमोजिमआह्वानगरिएअनुरुप बेरोजगार दर्ताको निवेदन दिनु पर्नेछ ।

(३)बेरोजगारव्यक्तिको सूची अद्यावधिक राख्नु पर्नेःरोजगार सेवा केन्द्रले उपदफा (२)बमोजिम प्राप्त निवेदनको पन्ध्र दिनभित्र छानविन गरी बेरोजगार ठहरिएका व्यक्तिहरुको सूची अद्यावधिक गरी राख्नु पर्नेछ ।

(४) प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेः रोजगार शाखाले अनुसुचि ५ बमोजिम प्राथमिकताक्रम निर्धारण आधारका आधारमा बेरोजगार युवाको प्राथमिकताक्रम निर्धारण गर्नु पर्ने छ ।

(५)लाभग्राही परिचयपत्र वितरण गर्नु पर्नेः रोजगार सेवा केन्द्रले पहिचान गरी सूचीकृत गरेका बेरोजगार व्यक्तिहरुलाई काममा खटाउनुपूर्व अनुसूची ४ बमोजिमको लाभग्राही परिचयपत्र वितरण गर्नु पर्नेछ ।

(६)बैंक खाता खोल्नु पर्नेः रोजगार सेवा केन्द्रमा सूचीकृत शिक्षित बेरोजगार व्यक्तिले लाभग्राही परिचयपत्र पाउनु पूर्व अनिवार्य रुपमा बैंक खाताखोल्नु पर्नेछ । पहिले नै बैंक खाता भएको व्यक्तिले भने पुरानै खाता नम्बर पेश गर्न सक्नेछ।

परिच्छेद १०

२५.रोजगार आयोजनाको ढाँचा र क्षेत्र

(१) आयोजनाको ढाँचाः केदारस्युँ गाउँपालिका अध्यक्ष युवा कार्यक्रम अन्तर्गत रोजगार शाखाले सूचिकृत शिक्षित बेरोजगार यूवा व्यक्तिलाई रोजगारीमा संलग्न गराउन देहायका ढाँचामा आयोजना सञ्चालन गर्नेछः

(क) सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजना मार्फत रोजगारी सिर्जनाः सूचिकृत शिक्षित बेरोजगार व्यक्तिहरुलाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिक (Cash for Work) मा आधारित समुदायस्तरको आयोजना सञ्चालन ।

(ख) सार्वजनिक पूर्वाधार मर्मत सम्भार मार्फत रोजगारी सिर्जनाः (१) गाउँपालिका भित्रका सार्वजनिक पूर्वाधारहरुको मर्मत सम्भार कार्यमा रोजगार सेवा केन्द्रमा सूचिकृत शिक्षित बेरोजगार व्यक्तिहरुलाई खटाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिक (Cash for Work) मा आधारित आयोजना सञ्चालन ।

(ग) अपाङ्गता भएका व्यक्तिका लागि विशेष व्यवस्थाः शिक्षित बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत भएका अपाङ्गता भएको कुनै पनि व्यक्तिका लागि रोजगारीको हकको सुनिश्चित गर्न स्थानीय तहले देहाय बमोजिमको विशेष व्यवस्था गर्न सक्नेछः

केदारस्युँ गाउँपालिका

(अ) शारीरिक अवस्था र शैक्षिक योग्यताका आधारमा उपयुक्त रोजगारीका अवसर उपलब्ध भए त्यस्तो रोजगारीमा निजलाई प्राथमिकता दिई खटाउन,

(आ) निजको व्यवसाय प्रस्तावपत्र (Business Proposal) सहितको निवेदनका आधारमा बढीमा तीन महिनाको निःशुल्क स्वरोजगारमूलक व्यवसायिक तथा सीप विकास तालिम दिने व्यवस्था गरी सहुलियतपूर्ण ऋणका लागि सम्बन्धित निकायमा सिफारिस र सहजीकरण गर्न, वा

(२) आयोजना सञ्चालनका क्षेत्रः यस कार्यविधि अनुरुप सञ्चालन हुने आयोजना छनौट गर्दा देहायका क्षेत्रहरुभित्र पर्ने आयोजना मात्र छनौट गर्नु पर्नेछः

(क) सडक निर्माण तथा मर्मत सम्भार :-

- गाउँपालिका भित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

(ख) कृषि तथा सिंचाई :-

- सिंचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा विक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार

(ग) ग्रामीण खानेपानी :-

- खानेपानी आयोजनाहरुको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार

(घ) स्वास्थ्य तथा सरसरफाई :-

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थापनका पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भार

(ङ) शिक्षा :-

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

(च) वन तथा जलाधार :-

केदारस्युँ गाउँपालिका

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

(छ) पर्यटन :-

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण
- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थल, मन्दिरको मर्मत सम्भार तथा संरक्षण

(ज) कृर्षि :-

- कृर्षि आधुनिकिकरण तथा चक्लावन्दी
- उन्नत जातका विउ वितरण
- व्यवसायिक तालिम सञ्चालन

(झ) पशुपन्छी पालन :-

- नश्ल सुधार मा सहायता
- खोर तथा सेड मर्मत
- उन्नत जातका चौपाय तथा पंन्छी वितरण
- व्यवसायिक तालिम सञ्चालन

परिच्छेद ११

रोजगार मुलक आयोजना छनौट प्रक्रिया

२६. आयोजना छनौटः (१) रोजगार सेवा केन्द्रले यस कार्यक्रमका लागि आयोजना छनौट गर्दा वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका आयोजनाहरुको सूचीबाट एउटा आयोजनाको लागत रु. दश लाख भन्दा बढी नहुने गरी छनौट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका आयोजना उपलब्ध नभएको वा उपलब्ध आयोजनामा रोजगार सेवा केन्द्रले शिक्षित बेरोजगार व्यक्तिलाई तिस दिनको न्यूनतम रोजगारी उपलब्ध गराउन पर्याप्त नभएको अवस्थामा गाउँपालिकाले वडा समितिहरुलाई एउटा आयोजनाको लागत रु. दश लाख भन्दा बढी नहुने गरी दफा ५ बमोजिमका क्षेत्रभित्र पर्ने आयोजना पहिचान गरी सिफारिस सहित पठाउन माग गर्नुपर्नेछ ।

केदारस्युँ गाउँपालिका

(३) उपदफा (२) बमोजिम आयोजना माग भएकोमा वडा समितिले देहायका प्रकृतिका आयोजना पहिचान गरी सिफारिस गर्नु पर्नेछः

(क) गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सीमान्तकृत वर्गलाई प्रत्यक्ष रुपमा लाभ दिने,

(ख) उच्च तथा दीगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पूर्वाधार निर्माण हुने,

(ग) बढी भन्दा बढी जनसंख्यालाई लाभ पुग्ने,

(घ) स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने, र

(ङ) वातावरण संरक्षण र विपद व्यवस्थापन गर्न योगदान पुऱ्याउने ।

(४) रोजगार सेवा केन्द्रले सूचिकृत बजेटले सम्भव भए सम्मका शिक्षित बेरोजगार यूवालाई न्यूनतम तिस दिनको रोजगारी प्रदान गर्न उपदफा (१) बमोजिम छनौट गरिएका आयोजना बाहेक आवश्यक पर्ने अन्य आयोजना उपदफा (२) बमोजिम वडा समितिबाट सिफारिस भई आएका आयोजना मध्येबाट देहायका आधारहरुको कुल अंकभारका आधारमा प्राथमिकताक्रम निर्धारण गरी क्रमशः छनौट गर्नुपर्नेछः

(क) सूचिकृत सम्बन्धित वडाभित्र रहेका शिक्षित बेरोजगार व्यक्तिको संख्या बापत १०० प्रतिशत अंकभार

$$\text{वास्तविक भार} = \frac{\text{सम्बन्धित वडामा रहेका सूचिकृत शिक्षित बेरोजगार व्यक्तिको संख्या}}{\text{सबभन्दा बढी सूचिकृत शिक्षित बेरोजगार हुने वडाको बेरोजगार व्यक्तिको संख्या}} \times १००$$

(५) रोजगार सेवा केन्द्रले आयोजना छनौट गर्दा यस कार्यक्रमबाट उपदफा (१) र (२) बमोजिमको सीमाभित्र रही विनियोजन हुने रकम श्रमिकको ज्यालामा मात्र भुक्तानी गर्ने गरी आफ्नो वा अन्य कुनै श्रोतबाट थप रकम व्यवस्था गरेर उपदफा (१) र (२) मा तोकिए भन्दा बढी लागतका आयोजना समेत प्रस्ताव गर्न सक्नेछन् ।

६. उपदफा (५) बमोजिमका आयोजनाहरुको हकमा दफा ७ को उपदफा (३) को खण्ड (ग) बमोजिम खर्च प्रस्ताव गर्दा श्रमिकको ज्याला वापतको रकम कार्यक्रमबाट र निर्माण सामाग्रीको अन्य स्रोत बाट व्यवस्थापन हुने गरी प्रस्ताव गर्न समेत सकिनेछ ।

२७. प्राविधिक सहायकले आयोजना प्रस्ताव गर्नु पर्ने (१) प्राविधिक सहायकले दफा ६ को उपदफा (१) र (४) बमोजिम छनौट भएका आयोजनाहरुको प्राविधिक शाखा प्रमुखको सुपरिवेक्षण र निर्देशनमा

अनुसूची - १ बमोजिमको **छुट्टा छुट्टै** आयोजना प्रस्ताव तयार पारी रोजगार शाखाले तोकेको म्यादभित्र पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रोजगार शाखा मा आयोजना प्रस्ताव पठाउँदा प्राविधिक सहायकले दफा ६ को उपदफा (१) र (४) बमोजिम छनौट भएका आयोजनाको लागत अनुमानमा दफा ६ को उपदफा (३) र यसै दफाको उपदफा (३) को खण्ड (घ) बमोजिमका व्यवस्था अनुसार आवश्यक संशोधन गरी पठाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम रोजगार शाखामा प्रस्ताव गरी पठाइएका आयोजनामा देहायका शर्तहरु पुरा भएको हुनु पर्नेछः

(क) श्रममूलक प्रविधिको प्रयोग गर्नुपर्नेः आयोजनाको कार्यान्वयनमा श्रममूलक प्रविधिको मात्र प्रयोग हुने गरी आयोजनाको प्रस्ताव गर्नु पर्नेछ । लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन व्वाइलर जस्ता हेभि मेशीनहरु प्रयोग गर्ने गरी आयोजना प्रस्ताव गर्न पाईने छैन ।

(ख) लागत अनुमान स्वीकृत भएको हुनुपर्नेः प्राविधिक कर्मचारीबाट आयोजनाको लागत अनुमान (आवश्यकता अनुसार ड्रईङ्ग डिजाइन सहित) बनाई इन्जिनियर ले रुजु गरि प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरि र सो को आधारमा अनुसूची १ बमोजिमको फाराम तयार गर्न लगाई स्वीकृत गरेको हुनु पर्नेछ ।

(ग) सत प्रतिशत रकम ज्यालामा खर्च हुनुपर्नेः इन्जिनियरको सुपरिबेक्षण र निर्देशनमा प्राविधिक सहायकले लागत अनुमान तयार गर्दा आयोजनाको कुल अनुमानित लागत मा यस कार्यक्रमको सत प्रतिशत रकम श्रमिकको ज्यालामा खर्च हुने गरी खर्चको प्रस्ताव गर्नु पर्नेछ ।

(घ) अन्य श्रोतबाट निर्माण सामग्री खरिद गर्न सक्नेः यस कार्यक्रबाट विनियोजित बजेटभन्दा बाहेकको गाउँपालिकाले आफ्नै वा अन्य कुनै स्रोतबाट खर्च व्यहोर्ने गरी आयोजनाको कुल अनुमानित लागतको आधारमा निर्माण सामाग्री खरिद गर्ने गरी आयोजना प्रस्ताव गर्न भने सक्नेछ । यस्ता आयोजनामा निर्माण सामाग्री खरिद गर्न स्थानीय तहले थप गरे बराबरको रकम आयोजना लागतमा दफा ६ को उपदफा (१) र (२) ले तोकेको सीमा भन्दा बढी हुन सक्नेछ ।

२८. व्यवसायिक शिपमूलक तालिमः

गाउँ सभाले युवा लक्षित स्वरोजगार मूलक व्यवसायिक तालिम सञ्चालनका लागी बजेट विनियोजन गरि शिक्षित बेरोजगार यूवा लाई रोजगार सेवा केन्द्रबाट तालिममा सहभागीताका लागी छनोट गर्नु पर्ने छ । तालिममा सहभागी यूवाले तालिम पश्चात स्वरोजगार हुनु पर्ने छ ।

क) शिपमूलक तालिम सञ्चालन : गाउँपालिकाले विनियोजन गरेको बजेटबाट सञ्चालन गरिने तालिम रोजगार सेवा केन्द्रले सञ्चालन गर्नेछ ।

ख) अन्य संस्था वा साझेदारिमा सञ्चालित तालिम: अन्य संस्था वा साझेदारिमा सञ्चालित तालिममा रोजगार सेवा केन्द्रले सूचिकृत बेरोजगार लाई सहभागि गराउने वा सूचिकृत इच्छुक नभए अन्य बेरोजगार यूवालाई गाउँपालिका ले सहभागी गराउनेछ ।

परिच्छेद १२

रोजगार आयोजना कार्यान्वयन प्रक्रिया

२९. शिक्षित बेरोजगार व्यक्तिलाई रोजगारीमा खटाउने: (१) रोजगार सेवा केन्द्रले शिक्षित बेरोजगार व्यक्तिको तोकिएको ढाँचामा निवेदन संकलन गरि , सूचि बनाउने र प्राथमिकताक्रम निर्धारण गर्नेछ । सूचिकृत शिक्षित बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउँदा आयोजनाको स्वीकृत लागत अनुमान बमोजिम उपलब्ध रोजगारीका अवसरमा एक व्यक्तिलाई एक सय दिन रोजगारी प्रदान गर्ने गरी आवश्यक संख्याका श्रमिकलाई उपलब्ध बेरोजगार व्यक्तिको सूचीको प्राथमिकताक्रम अनुसार क्रमशः खटाउनु पर्नेछ ।

(२) रोजगार सेवा केन्द्रले उपदफा (१) बमोजिम श्रमिकलाई रोजगारीमा खटाउनु पूर्व तोकिएको ढाँचामा लाभग्राही परिचयपत्र उपलब्ध गराउने र ज्याला भुक्तानि गर्न बैंक खाता खोल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३०. आयोजना स्थल: यस कार्यक्रम अन्तर्गतको एउटा आयोजना सम्भव भएसम्म एउटा वडाभित्र मात्रै सञ्चालन गर्नु पर्नेछ । यदि सो सम्भव नभएको अवस्थामा एउटै आयोजना सोही स्थानीय तहभित्रका दुई वा दुईभन्दा बढी वडामा सञ्चालन गर्न समेत सकिनेछ ।

३१. काम वापतको पारिश्रमिक: यस कार्यविधि बमोजिम रोजगारीमा खटिएका श्रमिकहरुको पारिश्रमिक नेपाल सरकारले निर्धारण गरेको न्युनत्तम पारिश्रमिक बमोजिम हुनेछ ।

तर, गाउँसभाले यस कार्यक्रमको प्रयोजनका लागि मात्र छुट्टै पारिश्रमिक दर निर्धारण गर्न सक्ने छ ।

३२. रोजगार उपभोक्ता समिति सम्बन्धी व्यवस्था: (१) यस कार्यविधि बमोजिम रु. एक लाख भन्दा बढी लागतको आयोजना सञ्चालन गर्न सम्बन्धित वडा कार्यालयले आयोजनागत रुपमा खटाइएका श्रमिकहरुमध्येबाट एक जना अध्यक्ष, एकजना सचिव र एकजना कोषाध्यक्ष सहित सात सदस्यीय रोजगार उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

(२) रोजगार उपभोक्ता समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक जना र अन्य सदस्यहरुमध्ये कम्तिमा २ जना महिला हुनु पर्नेछ ।

(३) देहायको योग्यता भएको व्यक्ति रोजगार उपभोक्ता समितिमा रहन सक्नेछ :

(क) कुनै फौजदारी अभियोग नलागेको,

(ख) सरकारी नगद तथा जिन्सी मासेको वा सरकारी सम्पत्ति हिनामिना गरेको वा सरकारी पेश्की बेरुजू रहेको नभएको,

(ग) कुनै पनि राजनीतिक दलको कार्यकारी पदमा नरहेको,

(घ) निजको परिवारको अन्य कोही सदस्य सोही समितिमा नरहेको ।

(४) रोजगार उपभोक्ता समितिमा रहने श्रमिक आयोजना सञ्चालन हुने वडाको स्थायी वासिन्दा हुनु पर्नेछ । यदि आयोजना सञ्चालन हुने वडाको स्थायी वासिन्दा भएको श्रमिक उपलब्ध नभएमा सम्बन्धित स्थानीय तहका वडाहरुमध्ये आयोजना सञ्चालन हुने वडाबाट सबैभन्दा नजिक रहेको वडाको स्थायी वासिन्दा भएको श्रमिकमध्येबाट रोजगार उपभोक्ता समितिको पदाधिकारीमा छनौट गर्नु पर्नेछ ।

(५) रोजगार उपभोक्ता समितिका पदाधिकारीको पदावधी आयोजना अवधिभर मात्र रहनेछ ।

(६) रोजगार उपभोक्ता समितिका पदाधिकारीहरुले समेत अन्य श्रमिकहरु सरह नै काम गर्नु पर्नेछ । उनीहरुले समितिको पदाधिकारी भएकै कारणले काम गरे बापतको ज्याला बाहेक अन्य कुनै पनि सुविधा प्राप्त गर्ने छैनन् ।

(७) सम्बन्धित वडा कार्यालयले आयोजनामा खटिएका श्रमिकहरुलाई रोजगार उपभोक्ता समिति गठनका लागि सहमतिमा अध्यक्ष र अन्य पदाधिकारीहरुको नाम प्रस्ताव गर्न तीन दिनको समय दिनु पर्नेछ । सो समयभित्र सहमति कायम हुन नसकेमा सम्बन्धित वडा कार्यालयले नै अध्यक्ष र अन्य पदाधिकारी तोकी रोजगार उपभोक्ता समिति गठनको निर्णय गर्न सक्नेछ ।

३३. रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

(क) गाउँपालिका सँग आयोजना सम्झौता गरी सो बमोजिम आयोजनाको कार्यान्वयन र व्यवस्थापन गर्ने गराउने,

(ख) श्रमिकहरुको हाजिरी अभिलेख राख्ने वा राख्न लगाउने,

(ग) प्राविधिकलाई आयोजनाको प्रतिवेदन तयार पार्न आवश्यक सूचना दिने र सहजीकरण गर्ने,

(घ) श्रमिकले रोजगारी गरेको दिनको हिसाव गरी स्थानीय तहबाट सो बराबरको रकम सिधै श्रमिकहरुको बैंक खातामा निकासा गराउन सहजिकरण गर्ने ।

३४. श्रमिकहरुको समूह गठन गरी काममा लगाउनु पर्नेः रोजगार उपभोक्ता समितिले आयोजना सञ्चालन गर्दा श्रमिक समूह गठन गरी श्रमिकहरुलाई काममा लगाउनु पर्नेछ ।

३५. बैंक खाता सञ्चालन सम्बन्धमा: (१) रोजगार उपभोक्ता समितिले श्रमिकको ज्याला वापतको रकम बाहेक अन्य रकमको खर्च व्यवस्थापन गर्न आफ्नो नाममा बैंक खाता सञ्चालन गर्नु पर्नेछ ।

(२) बैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) यस कार्यविधि बमोजिमका आयोजनाहरुमा हुने सबै भुक्तानी बैंक मार्फत हुनेछ ।

(४) रोजगार उपभोक्ता समितिले प्रचलित नियम बमोजिम कारोबारको लेखा दुरुस्त राख्नु पर्नेछ ।

३६. निर्माण सामग्री खरिद: रोजगार उपभोक्ता समितिले रोजगार आयोजना सञ्चालन गर्दा आवश्यक पर्ने निर्माण सामाग्रीहरु स्वीकृत लागत अनुमान गाउँकार्यपालिका वा गाउँसभाले स्विकृत गरेको बजेटको परिधि भित्र रहि सार्वजनिक खरिद ऐन अनुसार खरिद गर्नु पर्नेछ ।

३७. निर्देशन तथा समन्वय: (१) यस कार्यविधि बमोजिम संचालन हुने आयोजनालाई निर्देशन र आवश्यकता अनुसार अनुगमन तथा समन्वय गाउँपालिकाको स्थानीय निर्देशक समितिले गर्नेछ ।

(२) वडाभित्र सञ्चालन भएका रोजगार आयोजनाहरुको अनुगमन, समन्वय र सहजीकरणको जिम्मेवारी गाउँकार्यपालिको हुनेछ ।

(३) वडाभित्र सञ्चालन हुने रोजगार आयोजनाको सहजीकरण, समन्वय, अनुगमन र निर्देशन सम्बन्धित वडा समितिले गर्नेछ ।

३८. आयोजनाको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन: (१) आयोजनाको अनुगमन, मूल्याङ्कन र प्रतिवेदन नियमित रुपमा गर्नु पर्नेछ ।

(२)आयोजनाको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन प्राविधिक शाखा प्रमुखको निर्देशन तथा सुपरिवेक्षणमा प्राविधिक सहायकले गर्नु पर्नेछ ।

परिच्छेद १३

बजेट व्यवस्थापन

३९. बजेट

(१)गाउँ सभाले यस कार्यक्रमका लागी अक्षय कोषबाट प्राप्त आम्दानि र वार्षिक रुपमा कार्यक्रमका लागी विनियोजन गरिएको बजेट जोडि यस कार्यक्रमको बजेट व्यवस्थापन गरिनेछ ।

(अ) अक्षय कोष: गाउँ सभाले केदारस्यु गाउँपालिका अध्यक्ष युवा कार्यक्रम अक्षय कोष स्थापना गर्न वार्षिक रुपमा विनियोजन गरेको रकम बाट अक्षय कोष स्थापना गरि प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

केदारस्युँ गाउँपालिका

(आ) अक्षय कोषको आम्दानी: अक्षय कोष स्थापना गरि जम्मा रकम पायक पर्ने उच्च प्रतिफल दिने वित्तिय संस्थामा मुद्दती खाता खोली त्यस बाट प्राप्त हुने व्याज नै अक्षय कोषको आम्दानी हुनेछ ।

(२) कार्यक्रमको कार्यान्वयन गरि युवालाई कृर्षि तथा पशुपन्छी पालन व्यवसायि उद्यमी बनाई स्वरोजगार बनाउन वजेट खर्च गरिने छ तथा स्वरोजगार हुन नसकेका युवालाई न्युनत्तम रोजगारिको प्रत्याभुति गरिनेछ ।

(३) यस कार्यक्रम अर्न्तगतको कुल वजेटमा रोजगार, कृर्षि तथा पशुपन्छी पालन उप कार्यक्रमको वजेट पच्चिस प्रतिसत भन्दा न्युन हुने छैन ।

(३) लेखा शाखाले उपदफा (१) बमोजिम प्राप्त भएको बजेटको संचालन छुट्टै हिसाव देखिने गरी गर्नुपर्नेछ । यस्तो बजेट कार्यविधिले उल्लेख गरेको विषयमा बाहेक अन्यत्र खर्च गर्न पाइनेछैन ।

४०. सामाग्रीको खरिद: (१) यस कार्यविधि अन्तरर्गत सञ्चालन हुने रोजगार आयोजनामा आवश्यक पर्ने निर्माण सामाग्री, ज्यावल तथा औजारहरु र श्रमिकको सुरक्षा सामाग्रीहरु सम्बन्धित आयोजनाको रोजगार उपभोक्ता समितिले गाउँ सभाले व्यवस्थापन गरेको वजेटबाट खरिद गर्न सक्नेछ ।

४१. श्रमिकको ज्याला भुक्तानी: (१) यस कार्यक्रम अर्न्तगत सञ्चालन हुने रोजगार मूलक आयोजनामा लेखा शाखाले श्रमिकको ज्याला सम्बन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्बन्धित वडा अध्यक्षको सिफारिस बमोजिम श्रमिकको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ ।

(२) रोजगार उपभोक्ता समितिको अध्यक्ष वा निजले तोकेको अवस्थामा सचिवले प्रत्येक श्रमिकको लाभग्राही परिचयपत्रको पृष्ठ भागमा रहेको हाजिरी तालिका प्रमाणीत गरी आयोजना सम्पन्न भएपछि सबै परिचयपत्र संकलन गरेर प्रमाणित हाजिरीका आधारमा अनुसूची २ बमोजिमको श्रमिकको हाजिरी रेकर्ड तथा भुक्तानीको विवरण तयार गरी रोजगार सेवा केन्द्रमा उपलव्ध गराउनु पर्नेछ । रोजगार संयोजकले उक्त विवरण सात दिन भित्र रुजु गरि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(३) रोजगार संयोजकले रोजगार आयोजनाहरुको प्रगति प्रतिवेदन अद्यावधिक गरि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

२२. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन : (१) नियमित अनुगमन तथा मूल्यांकन: यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने रोजगार आयोजनाहरुको नियमित रुपमा अनुगमन तथा मूल्यांकन गाउँ कार्यपालिका को कार्यालयले गर्नु पर्नेछ ।

२३. बैंक खातामार्फत भुक्तानी गर्नु पर्ने : (१) श्रमिकलाई रोजगार वापतको पारिश्रमिक भुक्तानी गर्दा बैंक खातामार्फत गर्नु पर्नेछ ।

४२. खर्च व्यवस्थापन प्रक्रिया: (१) रोजगार आयोजना सञ्चालन गर्दा गाउँकार्यपालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रहेर गर्नु पर्नेछ ।

(२) कार्यक्रमका लागी प्राप्त गरेको रकमको अनुशासित र पारदर्शी रुपमा खर्च गर्ने तथा स्रेस्ता व्यवस्थापन गर्ने र खर्चको प्रतिवेदन सार्वजनिक गर्ने जिम्मेवारी सम्बन्धित लेखा शाखाको हुनेछ ।

(३) लेखाशाखाले आन्तरिक तथा अन्तिम लेखापरिक्षण गराई सोको प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ ।

परिच्छेद १४

विविध

४३. स्थानीय निर्देशक समिति:

(१) नागरिकको रोजगारीको हक संरक्षण सम्बन्धी कामको लागि केदारस्युँ गाउँपालिकामा देहाय बमोजिमको स्थानीय निर्देशक समिति रहनेछ :-

(क) गाउँ कार्य पालिकाको अध्यक्ष-अध्यक्ष

(ख) गाउँ कार्यपालिकाको उपाध्यक्ष-सदस्य

(ग) गाउँ कार्यपालिकाको अध्यक्षले तोकेका वडा अध्यक्ष दुई जना-सदस्य

(घ) गाउँपालिका को प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ङ) गाउँपालिका को रोजगार संयोजक -सदस्य-सचिव

(२) स्थानीय निर्देशक समितिको सचिवालय सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा रहनेछ ।

(३) स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार : स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिका भित्रको श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण गर्ने,

(ख) बेरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने,

(ग) बेरोजगार व्यक्तिको अद्यावधिक अभिलेख तयार गर्न रोजगार सेवा केन्द्रलाई मार्गदर्शन गर्ने,

केदारस्युँ गाउँपालिका

(घ) गाउँपालिका भित्र सञ्चालित रोजगार कार्यक्रम, व्यवसायिक शिप विकास तालिम तथा बेरोजगार सहायता कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

४४. रोजगार संयोजकः रोजगार शाखामा अधिकृत स्तरको रोजगार संयोजक रहने छ ।
(१) रोजगार शाखाका कार्यहरु सम्पादन गर्नु रोजगार संयोजकको जिम्मेवारी हुनेछ। (२)रोजगार संयोजकले समग्र कार्यक्रमको सम्वन्धमा गाउँ सभाप्रति र कार्यान्वयनको सन्दर्भमा सम्बन्धित गाउँकार्यपालिका प्रति उत्तरदायी भई कार्य गर्नु पर्नेछ ।(३)कार्यक्रमका सम्बन्धमा निर्देशक समितिले समय समयमा दिएका निर्देशनको पालना गर्नु रोजगार संयोजकको कर्तव्य हुनेछ । (४)कार्यक्रमको सूचना व्यवस्थापन र प्रतिवेदनका सम्बन्धमा रोजगार संयोजकले गाउँपालिका अध्यक्षको निर्देशनको पालना गर्नु पर्नेछ । (५)रोजगार संयोजकले गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरीवेक्षण, निर्देशन र नियन्त्रणमा रही कार्य गर्नेछ ।
४५. प्राविधिक सहायकः रोजगार शाखामा सहायक पाचौ स्तरको प्राविधिक सहायक रहने छ ।
(१) रोजगार शाखाका आयोजना सँग सम्बन्धित प्राविधिक कार्यहरु सम्पादन गर्नु प्राविधिक सहायकको जिम्मेवारी हुनेछ । (२) प्राविधिक सहायकले समग्र प्राविधिक पक्षको सम्वन्धमा प्राविधिक शाखा प्रति र कार्यान्वयनको सन्दर्भमा रोजगार शाखा प्रति उत्तरदायी भई कार्य गर्नु पर्नेछ ।(३)कार्यक्रमका सम्बन्धमा निर्देशक समितिले समय समयमा दिएका निर्देशनको पालना गर्नु प्राविधिक सहायकको कर्तव्य हुनेछ । (४)कार्यक्रमको आयोजना व्यवस्थापन र प्रतिवेदनका सम्बन्धमा प्राविधिक सहायकले प्राविधिक शाखा प्रमुख तथा रोजगार संयोजक को निर्देशनको पालना गर्नु पर्नेछ ।(५)प्राविधिक सहायक गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत र रोजगार संयोजकको प्रत्यक्ष सुपरीवेक्षण, निर्देशन र नियन्त्रणमा रही कार्य गर्नेछ ।
४६. रोजगार सहायकः रोजगार शाखामा सहायक पाचौ स्तरको रोजगार सहायक रहने छ ।
(१) रोजगार शाखाका कम्प्युटर , सुचना प्रणाली सँग सम्बन्धित तथा प्रशासनिक कार्यहरु सम्पादन गर्नु रोजगार सहायकको जिम्मेवारी हुनेछ । (२) रोजगार सहायकले समग्र कार्यक्रमको सम्वन्धमा गाउपालिका प्रति र कार्यान्वयनको सन्दर्भमा रोजगार शाखा प्रति उत्तरदायी भई कार्य गर्नु पर्नेछ ।(३)कार्यक्रमका सम्बन्धमा निर्देशक समितिले समय समयमा दिएका निर्देशनको पालना गर्नु रोजगार सहायकको कर्तव्य हुनेछ । (४)कार्यक्रमको योजना व्यवस्थापन र प्रतिवेदनका सम्बन्धमा रोजगार सहायकले प्रमुख प्रशासकीय अधिकृत तथा रोजगार संयोजक को निर्देशनको पालना गर्नु पर्नेछ ।(५) रोजगार सहायक गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत र रोजगार संयोजकको प्रत्यक्ष सुपरीवेक्षण, निर्देशन र नियन्त्रणमा रही कार्य गर्नेछ ।

४७. सार्वजनिक परीक्षणः रोजगार सेवा केन्द्रले श्रमिक समूहको हाजिरी विवरण, भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्चको विवरणको सार्वजनिक परीक्षण गराउनु पर्नेछ ।

४८. तेश्रो पक्षको संलग्नताः रोजगार आयोजनाको सञ्चालन गर्ने क्रममा कुनै पनि काम ठेक्का मार्फत वा तेश्रो पक्ष नियुक्त गरी गर्न पाइने छैन ।

४९. पारदर्शिता र उत्तरदायित्वः रोजगार आयोजना सञ्चालन गर्दा निर्देशिकाको परिच्छेद १३ अनुसार पारदर्शिता र उत्तरदायित्व कायम गर्नु पर्नेछ ।

५०. खर्चको विवरण अद्यावधिक गर्नुपर्ने: रोजगार आयोजनाहरुको लागत तथा खर्च, श्रमिकको रोजगारीको दिन र भुक्तानीको अद्यावधिक विवरण रोजगार संयोजकले प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

५१. बाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्ने: गाउँसभाले यस कार्यविधिको कार्यान्वयनमा आइपर्ने बाधा, अड्काउ फुकाउन वा कुनै द्विविधालाई स्पष्ट गर्न आवश्यक निर्णय गर्न सक्नेछ ।

५२. अनुसूचीमा हेरफेर गर्न सक्ने : गाउँ सभाले यस कार्यविधिको अनुसूचीहरुमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

अनुसूची - १

(दफा २६ को उपदफा (१) सँग सम्बन्धित)

न्यूनतम रोजगारी प्रदान गर्ने प्रयोजनका लागि आयोजना प्रस्तावको खाका

१. वडा कार्यालय : .....

२. माग गरिएको आयोजनाको नाम: .....

३. आयोजना स्थल: .....

टोल/वस्तीको नाम: .....

४. आयोजनाबाट अपेक्षित उपलब्धी: .....

....

....

....

५. आयोजनाको ढाँचा (कार्यविधिको दफा (३) अनुसार) (*कुनै एकमा √ लगाउनुहोस्*)

केदारस्युँ गाउँपालिका

(क) पूर्वाधार विकास (बुँदा नं. ६ मा जानुहोस्)

(ख) सार्वजनिक पूर्वाधार मर्मत सम्भार (*५.१ को विवरण उल्लेख गर्नुहोस्*)

(ग) अपाङ्गता भएका व्यक्तिका लागि विशेष व्यवस्था (*५.२ को विवरण उल्लेख गर्नुहोस*)

५.१ पूर्वाधारको वर्तमान अवस्था

....

....

....

मर्मत सम्भार गर्नुपर्ने कारण:

....

....

५.२ अपाङ्गता भएका व्यक्तिहरुलाई रोजगारीमा खटाउने प्रकृया

....

....

....

५.३ स्वरोजगारमूलक सीप तथा क्षमता अभिबृद्धि सम्बन्धि कृयाकलाप भएमा तालिम पश्चातको रोजगारी/स्वरोजगारीको योजना उल्लेख गर्नुहोस् :

....

....

....

६. आयोजनाको लागत अनुमान :

(क) लागत अनुमानको विवरण

विवरण	लागत		कूल रकम	कूल लागतको प्रतिशत	कैफियत
	अध्यक्ष रो.का.	अन्य श्रोत			
श्रमिक ज्याला					

केदारस्युँ गाउँपालिका

स्थानीय निर्माण सामाग्री	–				
वाह्य निर्माण सामाग्री	–				
निर्माण औजार खरिद	–				
कार्यस्थल सुरक्षा सामाग्री खरिद	–				
अन्य	–				
जम्मा					

(ख) श्रमिकको कार्यस्थल सुरक्षा जोखिमः (अ) रहेको (आ) नरहेको *(बुँदा नं. ७ मा जानुहोस्)*

(ग) जोखिम रहेको भए जोखिमको प्रकृतिः ....
....

(घ) जोखिम न्यूनीकरण गर्न अवलम्बन गर्नु पर्ने उपायहरुः ....
....

....

(ङ) श्रमिकले प्रयोग गर्नै पर्ने आधारभूत सुरक्षा सामाग्रीहरुको विवरणः

क्र.सं.	सुरक्षा सामाग्रीको नाम	संख्या	कैफियत

(च) आयोजनाको प्रकृति र सो वापतको अङ्क : ..... (अनुसूची १ बमोजिमको आधारमा)

७. आयोजनाको लागि खरिद गर्नु पर्ने वाह्य सामाग्रीको विवरण

क्र.सं.	वाह्य सामाग्रीको विवरण	संख्या	दर	कूल रकम
			जम्मा	

केदारस्युँ गाउँपालिका

८. आयोजनाको लागि खरिद गर्नु पर्ने निर्माण औजारहरुको विवरण

क्र.सं.	औजारको विवरण	संख्या	दर	कूल रकम
			जम्मा	

९. आयोजना सञ्चालन प्रकृया

(क) उपभोक्ता समिति मार्फत (ख) अमानतबाट

१०. आयोजनाबाट सिर्जना हुने रोजगारी दिन :

दक्ष कामदार: ..... श्रमिक दिन

अर्धदक्ष कामदार: ..... श्रमिक दिन

अदक्ष कामदार ..... श्रमिक दिन

कूल रोजगारी दिन ..... श्रमिक दिन

११. आयोजनाको प्रकृति

(क) सालवसाली (ख) बहुवर्षीय (ग) अन्य .....

१२. आयोजना कार्यपालिकाबाट स्वीकृत भएको मिति: .....

प्राविधिक सहायक

नाम:

दस्तखत:

मिति:

रोजगार संयोजक

प्राविधिक शाखा प्रमुख

नाम:

दस्तखत:

मिति

प्रमुख प्रशासकीय अधिकृत

केदारस्युँ गाउँपालिका

नाम:	नाम:
दस्तखत:	दस्तखत:
मिति:	मिति

द्रष्टब्य: प्रत्येक आयोजनाको लागि यो नमूना अनुसारको छुट्टाछुट्टै प्रस्ताव बनाउनु पर्नेछ ।

केदारस्युँ गाउँपालिका

अनुसूची - २

(दफा ४० को उपदफा (२) सँग सम्बन्धित)

अध्यक्ष रोजगार कार्यक्रम
.....श्रमिक रोजगार उपभोक्ता समिति
केदारस्युँ गाउँपालिका, वडा नं. .....

श्रमिकको हाजिरी रेकर्ड तथा भुक्तानीको विवरण

आयोजनाको नाम: मिति देखि सम्म

क्र. सं.	श्रमिकको नाम, थर	संकेत नं.	काम गरेको दिन																**जम्मा काम गरेको दिन**	दर	जम्मा पाउने रकम	**भुक्तानी को विवरण**	**भुक्तानी को माध्यम**	**भुक्तानी दिनेको सहि**	**कैफियत**
			१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३										

दैनिक हाजिरी राख्नेको नाम र दस्तखत जाँच्नेको नाम र हस्ताक्षर हाजिरी स्वीकृत गर्नेको नाम र हस्ताक्षर :

जम्मा भुक्तानी रकम: ..... भुक्तानी दिनेको नाम र दस्तखत प्रमाणित गर्ने वडा अध्यक्षको नाम र हस्ताक्षर:

अनुसुचि ३

केदारस्युँ गाउँपालिका

(दफा २८ को उपदफा (१) सँग सम्बन्धित)

बेरोजगार दर्ता निवेदन

श्री वडा कार्यालय, मिति: .....

वडा नं .....

केदारस्युँ गाउँपालिका,**बझाङ्ग** जिल्ला

रोजगारीको हक सम्बन्धि ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम मैले न्यूनतम रोजगारीको अवसर नपाएको र म तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नभएको हुँदा **केदारस्युँ गाउँपालिका** द्वारा संचालित न्यूनतम रोजगार कार्यक्रममा संलग्न हुन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु ।

१. **नाम, थर:** .....

२. **लिङ्ग:**(कुनै एकमा √ लगाउनुहोस) क) पुरुष ख) महिला ग) अन्य

३. **पारिवारिक विवरण:**

(अ) **वर्ग / समूह:** (तपाईं आफूलाई कुन वर्ग / समूहमा राख्न रुचाउनु हुन्छ ? कुनै एकमा √ लगाउनुहोस)

क) आदिबासी जनजाती	ख) दलित	ग) वैश्य	घ) मुसलमान	ङ) ब्राह्मण	च) क्षेत्री	छ) मधेशी	ज) अन्य .....

(आ) **अल्पसंख्यक समूदाय**(कुनै एकमा √ लगाउनुहोस): हो होइन

(इ) **लोपोन्मुख जनजाती**(कुनै एकमा √ लगाउनुहोस): हो होइन

(ई) **सीमान्तकृत वर्ग**(कुनै एकमा √ लगाउनुहोस): हो होइन

(यदि (ई) मा उत्तर 'हो' भने, अतिसीमान्तकृत वर्गको हो?) हो होइन

(उ) **परिवारको संख्या:**

केदारस्युँ गाउँपालिका

१. **महिला: ..... पुरुष:.....अन्य:.....जम्मा:.....**

२. १८ देखि ५९ वर्ष उमेर समूहको सदस्य संख्या:.....

(ऊ) **परिवारमा अपाङ्गता भएका सदस्य**(कुनै एकमा √ लगाउनुहोस) छ छैन

(यदि उत्तर 'छ' भन्ने भएमा देहायको विवरण उल्लेख गर्नुहोस् । 'छैन' भने तथा आवेदक महिला भएमा 'ए' को उत्तर दिनुहोस् । यदि आवेदक पुरुष या अन्य भएमा प्रश्न नं. ४ को उत्तर दिनुहोस्)

१. नाम: ..... उमेर:..... अशक्तताको प्रकृति: पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य
२. नाम: ..... उमेर:..... अशक्तताको प्रकृति: पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य
३. नाम: ..... उमेर:..... अशक्तताको प्रकृति: पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य

(ए) निवेदक महिला भएमा, गर्भवती वा सुत्केरी भएको महिला हो ? हो होइन

(यदि 'हैन' भने प्रश्न ४ मा जानुहोस् । यदि 'हो' भने देहायको प्रश्नको उत्तर दिनु होस्)

गर्भवती: ..... महिना वासुत्केरी भएमा :..... महिना

४. स्थायी ठेगाना: प्रदेश: .....जिल्ला: ..... न.पा. / गा.पा.: ..... वडा नं.: .....

५. सम्पर्क विवरण (उपलव्ध भए सम्म) मोबाइल नं. ..... इमेल: .....

६. आवेदकको मुख्य पेशा (कुनै एकमामात्र √ लगाउनुहोस):

क्र.सं.	पेशा		क्र.सं.	पेशा	
क)	कृषि तथा पशुपालन		ख)	गृहणी (महिला भएमामात्र)	
ग)	विद्यार्थी (अध्ययनरत भएमा मात्र)		घ)	ज्याला मजदुरी	
ङ)	बेरोजगार		च)	उद्योग तथा व्यापार	
छ)	नोकरी तथा जागीर		ज)	वैदेशिक रोजगारी	
झ)	व्यावसायिककार्य		ञ)	अन्य	

केदारस्युँ गाउँपालिका

				.....	

७. निवेदक चालु आ. व. मा रोजगारीमा संलग्न दिन संख्या : ..... दिन

८. निवेदकले चालु आ.व. मा कूल रोजगारी वा स्वरोजगारीबाट प्राप्त गरेको आम्दानी रकम: रु. .....

९. आवेदक कृषिमा आश्रित परिवारको सदस्य हो? (कुनै एकमा √ लगाउनुहोस) हो होइन

(यदि उत्तर 'होइन' भएमा प्रश्न १० मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस्)

क) कृषि उत्पादनले कति महिना खान पुग्दछ ? ..... महिना

१०. बसोबासका लागि आफ्नै घर: (कुनै एकमा √ लगाउनुहोस) भएको नभएको

११. निवेदकको घरमूली एकल महिला हो? (कुनै एकमा √ लगाउनुहोस) हो होइन

१२. निवेदक शहिद परिवार या बेपत्ता परिवारको सदस्य हो? (कुनै एकमा √ लगाउनुहोस) हो होइन

१३. परिवारमा काम गर्ने उमेर समूह (१८ देखी ५९ वर्ष) को र काम गर्न सक्ने शारीरिक अवस्था भएको परिवारको सदस्य (कुनै एकमा √ लगाउनुहोस) छ छैन

(यदि उत्तर 'छैन' भने कारण खुलाउनुहोस् । कारणहरु .....

.....)

केदारस्युँ गाउँपालिका

१४. परिवारको सदस्य र रोजगारीको अवस्था (निवेदक सहित):

क्र. सं.	नाम	निवेदकसँगको नाता	नागरिकता / राष्ट्रिय परिचय पत्रको विवरण			जन्म मिति	शैक्षिक योग्यता (निरक्षर / साक्षर /आधारभूत / माध्यामिक / उच्च माध्यामिक / स्नातक या सो भन्दा बढि)	स्वदेश तथा विदेशमा रोजगार या स्वरोजगारमा संलग्न?	सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी?
			नंबर	जारी मिति	जारी जिल्ला			छ / छैन	लिइरहेको / नरहेको
१		(निवेदक)							
२									
३									
४									
५									
६									
७									
८									
९									
१०									
११									
१२									
१३									
१४									

(निवेदनको बुँदा (३) (उ) अनुसारको सबै परिवारको संख्याको विवरण उल्लेख गर्नु पर्नेछ । फाराममा परिवारको संख्या अनुसार रो थपघट गर्न सकिनेछ।)

१५. परिवारको वार्षिक आय: रु. ..... (अक्षरेपी .....)

केदारस्युँ गाउँपालिका

१६. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक पुर्वाधार विकासको निर्माण तथा मर्मत कार्यमा संलग्न हुन ईच्छुक हुनु हुन्छ ? (कुनै एकमा √ लगाउनुहोस)

(यदि उत्तर 'छैन' भएमा बुँदा २० मा जानुहोस्) छ ु छैन

१७. सीपको विवरण:

सीपको विवरण	दक्ष / अर्धदक्ष / अदक्ष

१८. काममा खटिन चाहेको सम्भावित समय: ..... महिना देखि ..... महिना सम्म

१९. बैंक खाताको विवरण (उपलव्ध भएमा) बैंकको नाम: .....

बैंकको ठेगाना: .....

खाता नंबर: ..... खाताको प्रकार:.....

20. निवेदक चालु आर्थिक वर्षको सूचिकृत बेरोजगार हो? (कुनै एकमा √ लगाउनुहोस) हो होइन

(यदि उत्तर 'होइन' भएमा प्रश्न २१ मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस्)

क) लाभग्राही परिचय पत्र नंबर .....

२१. उपरोक्त बमोजिमको विवरणहरु साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला / बुझाउँला भनि सहिछाप गर्ने ।

निवेदकको नाम: ..... मिति: ..... हस्ताक्षर .....

कर्णाली गाउँपालिका

दायाँ

बाँया

[कार्यालय प्रयोजनको लागि]

निवेदन दर्ता मिति: .....

उपरोक्त विवरणहरु पूर्ण तथा सहि छन् भनि प्रमाणित गर्ने वडा कार्यालयको अधिकारी

नाम: ..... पद: ..... हस्ताक्षर .....

केदारस्युँ गाउँपालिका

अनुसुचि ४

(दफा २८ को उपदफा (२) सँग सम्बन्धित)

लाभग्राही परिचयपत्र

पहिलो पाता

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
..... प्रदेश, ... जिल्ला
.....गाउँपालिका/ नगरपालिका

परिचयपत्र नं. ..... पारिवारिक संकेत नं.....

लाभग्राही परिचयपत्र

फोटो

नाम :
ठेगाना :
नागरिकता/राष्ट्रिय परिचयपत्र नं.
परिचयपत्र जारी मिति :
प्रमाणित गर्ने कर्मचारीको हस्ताक्षर

दोश्रो पाता

पारिवारीक विवरण

संकेत नम्बर	नाम	लाभग्राहीसँगको नाता	नागरिकता प्रमाणपत्र नम्बर	कैफियत

तेश्रो पाना

रोजगारीको विवरणः

काम गरेको आयोजनाको नाम	अवधि		कामको प्रकृति	प्रमाणित गर्ने आयोजना प्रमुख	दस्तखत	कार्यालयको छाप
	देखि	सम्म				

चौथो पाना

रोजगार आयोजनामा काम गर्दा प्रत्येक श्रमिकले देहाय अनुसारको आचरण र अनुशासनको पालना गर्नु पर्नेछः

(क) समयको पालना गर्ने,

(ख) समूहमा मिलेर काम गर्ने,

(ग) सुपरिवेक्षकको निर्देशन बमोजिम कार्य गर्ने,

(घ) असल आचरण र अनुशासन कायम गर्ने,

(ङ) कार्यस्थलमा आयोजनाले उपलब्ध गराएका सुरक्षा सामाग्रीहरु लगाउने,

(च) आयोजना स्थलमा खटिएको प्राविधिकले दिएको निर्देशन बमोजिम कार्यस्थल सुरक्षाका उपायहरुको अवलम्बन गर्ने,

(छ) कार्यस्थलमा सहकर्मीसँग वा अन्य कुनै व्यक्तिसँग झैझगडा नगर्ने नगराउने,

(ज) कार्यस्थलमा साम्प्रदायिक सद्भाव विथोलिने खालका कुनै व्यवहार नगर्ने नगराउने,

(झ) कार्यस्थलमा लैंगिक, जातीय, क्षेत्रीय, धार्मिक, सांस्कृतिक तथा यौनजन्य हिंसा र विभेद नगर्ने नगराउने ।

अनुसुचि ५

(दफा २८ को उपदफा (१) सँग सम्बन्धित)

प्राथमिकताक्रम निर्धारण आधार

क्र.सं.	प्राथमिकताक्रम निर्धारणका आधार	अङ्क	कैफियत
१	कृषि उत्पादनले वर्षमा ३ महिना खान नपुग्ने कृषिमा आश्रित परिवारको सदस्य (निवेदनको बुँदा नं. ७ (क) को उत्तरमा "पुग्दैन"उल्लेख भएको आधारमा)	३०	
२	बसोवासका लागि आफ्नै घर नभएको परिवारको सदस्य(निवेदनको बुँदा नं.७ (ख) को उत्तरमा "नभएको"उल्लेख भएको आधारमा)	२०	
३	एकल महिला घरमूली भएको परिवारको सदस्य (निवेदनको बुँदा नं.७ (ग) को उत्तरमा "हो"उल्लेख भएको आधारमा)	५	
४	दलित, अल्पसंख्यक वा लोपोन्मुख समुदायको परिवारको सदस्य (निवेदनको बुँदा नं.३ मा उपलब्ध भएको पारिवारिक विवरणको आधारमा)	५	
५	बार्षिक एक सय दिनको रोजगारी वापत एक व्यक्तिले प्राप्त गर्ने न्यूनतम पारिश्रमिक (नेपाल सरकारले तोकेको) भन्दा कमनगद आय भएको परिवारको सदस्य (निवेदनको बुँदा नं.१० मा उपलब्ध विवरणको आधारमा)		
	(क) नेपाल सरकारले तोकेको प्रतिदिनको न्यूनतम पारिश्रमिकका दरले एक सय दिनको रोजगारी बापत प्राप्त हुने पारिश्रमिक रकमको पचास प्रतिशत भन्दा कम आय भएको परिवारको सदस्य भएमा	२५	
	(ख) नेपाल सरकारले तोकेको प्रतिदिनको न्यूनतम पारिश्रमिकका दरले एक सय दिनको रोजगारी बापत प्राप्त हुने रकमभन्दा न्यून तर सो को पचास प्रतिशत भन्दा बढी रकम आय भएको परिवारको सदस्य भएमा	१५	
	(आफ्नै परिवारको अरु कुनैसदस्य प्राथमिकताक्रममा यस अगाडि नै समावेश भईसकेको रहेछ भनेत्यसपछिका अरुसदस्यलाई यस बमोजिमको अंक दिइने छैन। तर, प्राथमिकता क्रममा परेको सदस्यको लिखित मन्जुरीनामाका आधारमा निजको सट्टासोही परिवारको अर्को सदस्यलाई प्राथमिकताक्रममा राखिरोजगारीमा समावेश गर्न सकिनेछ ।		
६	६.कोहीपनि सदस्यलेस्वरोजगारनभएको वासामाजिक सुरक्षा लगायतको सरकारी कोषबाट सुविधा नलिएको परिवारको सदस्य (निवेदनको बुँदा नं. ९ मा उपलब्ध विवरणको आधारमा)	५	
७	शहिद परिवार वा बेपत्ता परिवारको सदस्य (निवेदनको बुँदा नं.७ (घ)मा "हो"भन्ने उल्लेख भएको आधारमा)	५	
८	महिला बेरोजगार व्यक्ति (निवेदनको बुँदा नं.२ मा उल्लेख भएको विवरणको आधारमा)	५	
९	अन्य बेरोजगार व्यक्ति	०	
	कूल अंक	१००	

केदारस्युँ गाउँपालिका

अनुसूची ६

अध्यक्ष रोजगार कार्यक्रम, सूचीकृत शिक्षित बेरोजगार युवा व्यक्तिहरुको प्राथमिकताक्रम निर्धारण फाराम केदारस्युँ गाउँपालिका

				प्राथमिकताक्रम निर्धारणका आधार र सो बाफतको अंक भार								कुल अंक
क .सं.	निवेदक बेरोजगार युवाको नाम थर	गाउँ टोल	वडा	मापदण्ड १ (३०)	मापदण्ड २ (२०)	मापदण्ड ३ (५)	मापदण्ड ४ (५)	मापदण्ड ५ (२५)	मापदण्ड ६ (५)	मापदण्ड ७ (५)	मापदण्ड ८ (५)	

तयार गर्ने
रोजगार सहायक

पेश गर्ने
रोजगार संयोजक

प्रमाणित गर्ने
प्रमुख प्रशासकीय अधिकृत

केदारस्युँ गाउँपालिका

अनुसुचि ७

(दफा ६ सँग सम्बन्धित)

कृर्षि प्रस्ताव प्राथमिकताक्रम निर्धारण आधार

क्र.सं.	प्राथमिकताक्रम निर्धारणका आधार	अङ्क	कैफियत
१	कृषि उत्पादनले वर्षमा ३ महिना खान नपुग्ने कृषिमा आश्रित परिवारको सदस्य (निवेदनको बुँदा नं. ७ (क) को उत्तरमा "पुग्दैन"उल्लेख भएको आधारमा)	३०	
२	बसोवासका लागि आफ्नै घर नभएको परिवारको सदस्य(निवेदनको बुँदा नं.७ (ख) को उत्तरमा "नभएको"उल्लेख भएको आधारमा)	१५	
३	लागत साझेदारी का आधारमा कुल ४० अंक		
	(क) लागत मा प्रस्तावकको लागत साझेदारी ९० प्रतिसत भन्दा बढि भएमा	४०	
	(ख) लागत मा प्रस्तावकको लागत साझेदारी ८० प्रतिसत बढि भएमा	२५	
	(ग) लागत मा प्रस्तावकको लागत साझेदारी ७० प्रतिसत सम्म भएमा	१५	
४	जनजाती भएमा	५	
५	दलित भएमा	५	
६	महिला व्यक्ति भएमा	५	
७	अन्य बेरोजगार व्यक्ति	०	
	कूल अंक	१००	

केदारस्युँ गाउँपालिका

अनुसुचि ८

(दफा १६ सँग सम्बन्धित)

पशुपन्छी पालन प्रस्ताव प्राथमिकताक्रम निर्धारण आधार

क्र.सं.	प्राथमिकताक्रम निर्धारणका आधार	अङ्क	कैफियत
१	कृषि उत्पादनले वर्षमा ३ महिना खान नपुग्ने कृषिमा आश्रित परिवारको सदस्य (निवेदनको बुँदा नं. ७ (क) को उत्तरमा "पुग्दैन"उल्लेख भएको आधारमा)	३०	
२	बसोवासका लागि आफ्नै घर नभएको परिवारको सदस्य(निवेदनको बुँदा नं.७ (ख) को उत्तरमा "नभएको"उल्लेख भएको आधारमा)	२०	
३	लागत साझेदारी का आधारमा कुल ४० अंक		
	(क) लागत मा प्रस्तावकको लागत साझेदारी ९० प्रतिसत भन्दा बढि भएमा	४०	
	(ख) लागत मा प्रस्तावकको लागत साझेदारी ८० प्रतिसत बढि भएमा	२५	
	(ग) लागत मा प्रस्तावकको लागत साझेदारी ७० प्रतिसत सम्म भएमा	१५	
४	जनजाती भएमा	५	
५	दलित भएमा	५	
६	महिला व्यक्ति भएमा	५	
७	अन्य बेरोजगार व्यक्ति	०	
	कूल अंक	१००	

केदारस्युँ गाउँपालिका